राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४५२/२०७२/०७३

निर्णय नं. ६४०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम ...............१ विपक्षी

सूचना अधिकारी, म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम ........................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुमलाई मिति २०७२।०७।२९, च.नं. ४४५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी पठाएको । प्रस्तुत सन्दर्भमा उक्त म्याङ्लुङ्ग नगरपालिकाको कार्यालय, तेह्रथुमको मिति २०७२।०९।१४, च.नं.९९२ , को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराई सकेको भनी यस आयोगमा लेखी आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।